नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

विनियोजन ऐन, २०८० को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "उद्योग" भन्नाले ऐनको दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा १३ बमोजिमको कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "नेपाली उत्पादन" भन्नाले स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरूबाट उत्पादित वस्तु वा सेवा सम्झनु पर्छ र सो शब्दले आयातित कच्चा पदार्थ प्रयोग गरी तीस प्रतिशत वा सोभन्दा बढी मूल्य अभिवृद्धि गरी उत्पादन गरेको वस्तुलाई समेत जनाउँछ।

(च) "कार्यान्वयन एकाइ" भन्नाले दफा ११ बमोजिमको कार्यक्रम कार्यान्वयन एकाइ सम्झनु पर्छ।

(छ) "प्रविधि" भन्नाले उद्योग सञ्चालन विकास र स्तरोन्नति गर्न आवश्यक पर्ने मेसिन, उपकरण वा औजार सम्झनु पर्छ र सो शब्दले कुनै वस्तु उत्पादन गर्न आवश्यक पर्ने विशेष प्रकारको सिपसमेतलाई जनाउँछ।

(ज) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग सञ्चालन, विकास र स्तरोन्नति गर्न आवश्यक पर्ने प्रविधि उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ञ) "वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको इजाजत प्राप्त बैङ्क सम्झनु पर्छ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछः

(क) नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नु,

(ख) लघु, घरेलु, साना र बिस करोडसम्म स्थिर पुँजी भएका मझौला उद्योगको प्रवर्धन गर्नु,

(ग) स्वदेशी औद्योगिक वस्तु तथा सेवाको गुणस्तरमा सुधार गर्नु,

(घ) स्वरोजगारका अवसरको सिर्जना गर्नु,

(ङ) स्वदेशी औद्योगिक उत्पादन अभिवृद्धि गर्न ब्याज अनुदान र प्रविधि हस्तान्तरण गर्नु,

४. **कार्यक्रम सञ्चालनः** (१) मन्त्रालयले कार्यक्रमका लागि विनियोजित बजेटको आधारमा देहायबमोजिम रकम बाँडफाँट गरी अनुसूची-१ मा उल्लिखित उद्योगहरू मध्येबाट छनौट गरी सञ्चालन गर्नुपर्नेछः

(क) विनियोजित बजेटको साठी प्रतिशत रकम उत्पादनमूलक, कृषि तथा वनपैदावारमा आधारित लघु, घरेलु तथा साना उद्योग र बिस करोडसम्म स्थिर पुँजी भएका मझौला उद्योगले सम्बन्धित उद्योगबाट उत्पादन हुने वस्तुको उत्पादन वा प्रशोधनका लागि लिएको व्यावसायिक कर्जाको ब्याज अनुदान;

(ख) विनियोजित बजेटको चालिस प्रतिशत रकम उत्पादनमूलक, कृषि तथा वनपैदावारमा आधारित लघु, घरेलु तथा साना उद्योग र बिस करोडसम्म स्थिर पुँजी भएका मझौला उद्योगलाई सम्बन्धित स्थानीय तहमार्फत प्रविधि हस्तान्तरण।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम छनौट भएका उद्योगले लिएको कर्जामा लाग्ने ब्याजमध्ये पाँच प्रतिशत ब्याज अनुदान प्रदान गरिनेछ।

तर, महिला मात्र सञ्चालक रहेको उद्योगले लिएको कर्जाको हकमा छ प्रतिशत ब्याज अनुदान प्रदान गरिनेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम छनौट भएका उद्योगलाई वस्तुको उत्पादन वा प्रशोधन गर्न आवश्यक प्रविधि हस्तान्तरण गरिनेछ।

५. **प्रस्ताव आह्वानः** (१) दफा ४ बमोजिमको ब्याज अनुदान तथा प्रविधि हस्तान्तरण प्राप्त गर्न चाहने लघु, घरेलु, साना र बिस करोडसम्म स्थिर पुँजी भएका मझौला उद्योग मध्येबाट प्रस्ताव माग गर्ने गरी कार्यक्रम कार्यान्वयन एकाइले कम्तिमा एक्काइस

दिनको अवधि दिइ राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको आधिकारिक वेबसाइटमा अनुसूची-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव आह्वान गर्दा ब्याज अनुदान कार्यक्रम र प्रविधि हस्तान्तरण कार्यक्रमको लागि छुट्टा छुट्टै सूचना प्रकाशन गर्नुपर्नेछ।

६. **प्रस्ताव पेस गर्नुपर्नेः** (१) यस कार्यविधिबमोजिम ब्याजमा अनुदान तथा प्रविधि हस्तान्तरण प्राप्त गर्न चाहने लघु, घरेलु, साना र बिस करोडसम्म स्थिर पुँजी भएका मझौला उद्योगले दफा ५ बमोजिमको सूचनाको अवधिभित्र देहायका कागजात संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा कार्यक्रम कार्यान्वयन एकाइमा प्रस्ताव पेस गर्नुपर्नेछः-

(क) उद्योग दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,
(ख) उद्योगको सञ्चालक वा सञ्चालक समितिबाट भएको निर्णयको प्रतिलिपि,
(ग) सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(घ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) उद्योगले उत्पादन गरेको वा गरिरहेको वस्तुको विवरण,
(च) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि,
(छ) व्यवसायीले प्रस्ताव गरेको व्यावसायिक योजना (स्किम),
(ज) प्रचलित कानूनबमोजिम कालो सूचीमा नपरेको स्वघोषणा,
(झ) अन्य निकायबाट यस्तै प्रकृतिको सहुलियतपूर्ण कर्जा सुविधा नलिएको स्वघोषणा,
(ञ) सम्बन्धित स्थानीय तहको सिफारिस,
(ट) कार्यक्रम कार्यान्वयन एकाइबाट प्रकाशित सूचनामा माग गरिएका अन्य आवश्यक कागजातहरू।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेस गर्दा एउटा उद्योगले ब्याज अनुदान वा प्रविधि हस्तान्तरण कार्यक्रममध्ये कुनै एक कार्यक्रमका लागि मात्र प्रस्ताव पेस गर्नुपर्नेछ र यस्तो प्रस्तावसाथ अन्य सरकारी निकायबाट सोही प्रकृतिको सुविधा नलिएको स्वघोषणासमेत पेस गर्नुपर्नेछ।

(३) कुनै उद्योगले झुट्टा विवरण पेस गरेको जानकारी प्राप्त भएमा त्यस्तो उद्योगको प्रस्ताव स्वतः रद्द हुनेछ।

७. **प्रस्तावको मूल्याङ्कन समितिः** (१) दफा ६ बमोजिम पेस हुन आएका प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्न कार्यक्रम कार्यान्वयन एकाइमा देहायबमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

(क) कार्यक्रम कार्यान्वयन एकाइको प्रमुख - संयोजक
(ख) मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को
सिंहदरबार, काठमाडौं

(ग) मन्त्रालयको आर्थिक प्रशासन शाखाको अधिकृत प्रतिनिधि - सदस्य

(घ) विषय क्षेत्र (उत्पादनमूलक, कृषि तथा वनपैदावार) हेर्ने विषयगत मन्त्रालय वा अन्तर्गतको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ङ) कार्यक्रम कार्यान्वयन एकाइको अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको प्रस्ताव मूल्याङ्कन समितिमा आवश्यकतानुसार सम्बन्धित विषय विज्ञ वा निजी क्षेत्रका महासङ्घ वा वस्तुगत सङ्घका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

८. <u>मूल्याङ्कनका आधार:</u> मूल्याङ्कन समितिले दफा ६ बमोजिम कार्यक्रम कार्यान्वयन एकाइमा पेस हुन आएका प्रस्तावको देहायका विषयमा अनुसूची-४ बमोजिमको अङ्क भारको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ:-

(क) स्वीकृत उत्पादन क्षमताको आधारमा गत वर्षको उत्पादनको अवस्था,

(ख) उद्योगले उपलब्ध गराएको रोजगारी सङ्ख्या,

(ग) उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको प्रतिशत,

(घ) उद्योगले गर्ने उत्पादनको निर्यातको प्रतिशत,

(ङ) व्यावसायिक निरन्तरता,

(च) औद्योगिक सम्पत्तिको प्रयोग,

(छ) उद्योग सञ्चालन अवधि,

(ज) महिलाबाट सञ्चालितसञ्चालित उद्योग,

(झ) वातावरणीय प्रभाव न्यूनीकरणको लागि उपकरणको प्रयोग वा उपाय अपनाएको,

(ञ) उत्पादन स्थल।

९. <u>प्रस्तावको छनौट:</u> (१) मूल्याङ्कन समितिले दफा ८ बमोजिम मूल्याङ्कन गरी प्राप्ताङ्कका आधारमा दफा ६ बमोजिम प्राप्त भएका प्रस्तावहरूको प्रारम्भिक सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीमा कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्तावमध्येबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावलाई प्राप्ताङ्कको आधारमा प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यक्रम कार्यान्वयन एकाइसमक्ष सिफारिस गर्नु पर्नेछ र यसरी सिफारिस गर्दा ब्याज अनुदान र प्रविधि हस्तान्तरण कार्यक्रममा छुट्याएको रकममध्ये लघु र घरेलु उद्योगलाई पचास प्रतिशत, साना उद्योगलाई पैंतिस

प्रतिशत र मझौला उद्योगलाई पन्ध्र प्रतिशत रकमको परिधिभित्र रही ब्याज अनुदान र प्रविधि हस्तान्तरण गर्ने गरी प्रस्ताव छनौट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम छनोट र सिफारिस भइ आएका प्रस्तावमध्ये कार्यक्रम कार्यान्वयन एकाइले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावलाई क्रमशः स्वीकृत गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव स्वीकृत भएपछि कार्यक्रम कार्यान्वयन एकाइले सम्बन्धित प्रस्तावकलाई प्रस्ताव स्वीकृत भएको जानकारी दिइ सम्झौता गर्न आउनको लागि ब्याज अनुदान कार्यक्रमको प्रस्तावको प्रस्तावकलाई बाटोको म्यादबाहेक सात दिनको र प्रविधि हस्तान्तरण कार्यक्रमको प्रस्तावको प्रस्तावकलाई बाटोको म्यादबाहेक पन्ध्र दिनको अवधि दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम स्वीकृत भएका ब्याज अनुदान कार्यक्रमको प्रस्तावकसँग कार्यक्रम कार्यान्वयन एकाइले अनुसूची-५ बमोजिमको ढाँचामा सात दिनभित्र सम्झौता गर्नु पर्नेछ।

(६) उपदफा (३) बमोजिम स्वीकृत भएका प्रविधि हस्तान्तरण कार्यक्रमको प्रस्तावकसँग पन्ध्र दिनभित्र सम्झौता गर्न कार्यक्रम कार्यान्वयन एकाइले सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम लेखी आएको प्रस्तावकसँग सम्बन्धित स्थानीय तहले अनुसूची-६ बमोजिमको ढाँचामा पन्ध्र दिनभित्र सम्झौता गर्नु पर्नेछ।

(८) उपदफा (५) र (७) बमोजिमको अवधिभित्र सम्झौता गर्न नआउने प्रस्तावकको प्रस्ताव स्वतः रद्द भएको मानिनेछ।

१०. <u>सम्झौता कार्यान्वयनः</u> (१) दफा ९ को उपदफा (५) बमोजिम सम्झौता भएका प्रस्तावकको विवरण कार्यक्रम कार्यान्वयन एकाइले नेपाल राष्ट्र बैङ्कमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम ब्याज अनुदान प्राप्त गर्न सम्झौता भएका प्रस्तावकले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जाको ब्याज रकम भुक्तानी गरेको प्रमाणसहित त्रैमासिक रूपमा नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा नेपाल राष्ट्र बैङ्कको बैङ्किङ कार्यालयमा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनको आधारमा नेपाल राष्ट्र बैङ्कले ब्याज अनुदानको रकम सम्बन्धित वाणिज्य बैङ्कको खातामा भुक्तानी दिनुपर्नेछ।

(४) दफा ९ को उपदफा (७) बमोजिम सम्झौता भएका प्रस्तावकलाई सम्बन्धित स्थानीय तहले प्रचलित सार्वजनिक खरिद कानूनबमोजिम प्रविधि खरिद गरी प्रविधि हस्तान्तरण गर्नुपर्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्
सिंहदरबार, काठ

## परिच्छेद-५

## संस्थागत व्यवस्था

११. **कार्यक्रम कार्यान्वयन एकाइः** (१) यस कार्यविधिबमोजिमको कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयमा एक कार्यक्रम कार्यान्वयन एकाइ रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन एकाइमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सोसरहको कर्मचारीको नेतृत्वमा अनुसूची-७ बमोजिमका कर्मचारी रहनेछन्।

(३) कार्यक्रम कार्यान्वयन एकाइमा रहने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ।

(४) कार्यक्रम कार्यान्वयन एकाइले आवश्यकतानुसार सम्बन्धित विषय विज्ञको परामर्श लिन सक्नेछ।

१२. **कार्यक्रम कार्यान्वयन एकाइको काम र कर्तव्यः** कार्यक्रम कार्यान्वयन एकाइको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) ब्याज अनुदान तथा प्रविधि हस्तान्तरण कार्यक्रमको सूचना प्रकाशन गरी प्रस्तावहरू छनौट तथा स्वीकृत गर्ने;

(ख) स्थानीय तहमार्फत उद्योगमा हुने प्रविधि हस्तान्तरण कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउने;

(ग) प्रदेश सरकारका सम्बन्धित निकाय, स्थानीय तह र निंजी क्षेत्रसँग समन्वय र साझेदारी गर्ने;

(घ) कार्यविधि परिमार्जन गर्नुपर्ने भएमा सोको मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्ने;

(ङ) कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने वा गराउने।

१३. **कार्यक्रम निर्देशक समितिः** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धमा आवश्यक निर्देशन तथा नीतिगत सहजिकरण गर्न देहायबमोजिमको एक निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव, मन्त्रालय (उद्योग) | -सदस्य |
| (ग) | सचिव, मन्त्रालय (वाणिज्य तथा आपूर्ति) | -सदस्य |
| (घ) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, (औद्योगिक तथा लगानी प्रवर्धन हेर्ने), मन्त्रालय | -सदस्य |
| (च) | सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (छ) | सहसचिव (उद्योग हेर्ने), राष्ट्रिय योजना आयोग | -सदस्य |
| (ज) | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क | -सदस्य |
| (झ) | कार्यक्रम कार्यान्वयन एकाइको प्रमुख | -सदस्य सचिव |

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनुपर्नेछ।

(४) समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रका विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१४. **निर्देशक समितिको काम र कर्तव्यः** निर्देशक समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत सहजीकरण एवम् मार्गदर्शन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा अन्तर निकाय समन्वय गर्ने,

(ग) कार्यक्रमको समीक्षा एवम् मूल्याङ्कन गर्ने गराउने,

(घ) आवश्यक अन्य कार्यहरू गर्ने।

१५. **स्थानीय तहको भूमिका र जिम्मेवारीः** यस कार्यविधिबमोजिम कार्यक्रम सञ्चालन सम्बन्धमा सम्बन्धित स्थानीय तहको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछः-

(क) सम्बन्धित स्थानीय तहमा सञ्चालित उद्योगले कार्यक्रममा सहभागिताका लागि दफा ६ बमोजिम प्रस्ताव पेस गर्ने भएमा सोको लागि सिफारिस गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन एकाइबाट स्वीकृत भइ प्राप्त भएका प्रस्ताव कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने,

(ग) प्रविधि हस्तान्तरण कार्यक्रममा छनोट भएका प्रस्तावकसँग सम्झौता गरी सम्झौता भएका उद्योगहरूलाई प्रविधि हस्तान्तरण गर्ने,

(घ) सम्बन्धित स्थानीय तहमा सञ्चालन भएका कार्यक्रमको अनुगमन तथा आवधिक समीक्षा गर्ने,

(ङ) सम्बन्धित स्थानीय तहमा सञ्चालन भएका कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन तयार गरी पृष्ठपोषणसहित मन्त्रालयलाई पठाउने।

## परिच्छेद– ६
## विविध

१६. **रकम निकासाः** (१) दफा ३ को खण्ड (क) बमोजिमको ब्याज अनुदान बापतको रकम कार्यक्रम कार्यान्वयन एकाइले नेपाल राष्ट्र बैङ्कसँग सम्झौता गरी सो बैङ्कको बैङ्किङ्ग कार्यालयमा रहेको अनुदान शोधभर्ना खातामा निकासा गर्नु पर्नेछ।

(२) दफा ३ को खण्ड (ख) बमोजिमको रकम प्रस्ताव छनौट भइसकेपछि कार्यक्रम कार्यान्वयन एकाइले सम्बन्धित स्थानीय तहको खातामा निकासा गर्नु पर्नेछ।

१७. **खर्चको अख्तियारी:** मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले कार्यक्रम कार्यान्वयन एकाइ प्रमुखलाई खर्च गर्ने अख्तियारी प्रदान गर्न सक्नेछ।

१८. **लेखा र लेखा परीक्षण:** (१) यस कार्यविधिबमोजिमको खर्चको लेखा प्रचलित कानूनबमोजिम राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखाको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१९. **प्रशासनिक खर्च:** (१) कार्यक्रम कार्यान्वयन एकाइले कार्यक्रमका लागि विनियोजित बजेटको बढीमा दुई प्रतिशतसम्म रकम प्रशासनिक कार्यमा खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रशासनिक खर्चको चालिस प्रतिशत रकम प्रविधि हस्तान्तरण कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहहरूमा प्रशासनिक खर्चको लागि पठाउन सकिनेछ र यसरी पठाउँदा आवश्यकता र औचित्यको आधारमा पठाउन सकिनेछ।

(३) यस दफाबमोजिम प्रशासनिक कार्यमा रकम खर्च गर्दा प्रचलित कानून र मापदण्डको पालना गर्नुपर्नेछ।

२०. **अनुगमन मूल्याङ्कन** यस कार्यक्रमको समग्र अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र कार्यक्रम कार्यान्वयन एकाइबाट हुनेछ र आफ्नो स्थानीय तहमा सञ्चालितसञ्चालित प्रविधि हस्तान्तरण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित स्थानीय तहले गर्नेछ।

२१. **सरकारी बाँकीसरह असुलउपर गर्ने:** यस कार्यविधिबमोजिम कुनै प्रस्तावकले गरेको स्वःघोषणा झुट्टा प्रमाणित भएमा सम्बन्धित उद्योगले लिएको ब्याज अनुदानको रकम वा प्रविधि हस्तान्तरणबापत निजले प्राप्त गरेको सुविधाबापतको रकम प्रचलित कानूनबमोजिम सरकारी बाँकीसरह असुलउपर गरिनेछ।

२२. **अनुसूचीमा हेरफेर:** यस कार्यविधिमा संलग्न अनुसूचीमा मन्त्रालयले आवश्यक हेरफेर गर्न सक्नेछ।

२३. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यविधिको उद्देश्य र मूल मर्म विपरित नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची-१
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**स्वदेशी वस्तुको उत्पादन वृद्धिका लागि ब्याज अनुदान तथा प्रविधि हस्तान्तरण सहयोग प्रदान गरिने उद्योगहरू**

(क) स्वदेशी कच्चा पदार्थमा आधारित दैनिक उपभोग्य वस्तु उत्पादन गर्ने उद्योग;

(ख) प्राथमिक कृषि उपजको प्रशोधन तथा उत्पादन (दुध, तरकारी, फलफूल, माछा, मासु तथा खाद्यान्न) गर्ने उद्योग;

(ग) अलैंची, अदुवा, चिया, कफी, मसलालगायतको प्रशोधन गर्ने उद्योग;

(घ) स्वदेशी कच्चा पदार्थमा आधारित जैविक एवम् प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग;

(ङ) कच्चा पदार्थको प्रशोधन गरी विभिन्न वस्तुको उत्पादन गर्ने उद्योग;

(च) विभिन्न वस्तुको उत्पादन गर्ने परम्परागत सिप र पेसामा आधारित उद्योग;

(छ) जडीबुटी प्रशोधन गर्ने तथा आयुर्वेदिक एवम् अन्य औषधी उत्पादन गर्ने उद्योग;

(ज) वस्तुको उत्पादन गर्ने विभिन्न उत्पादनमूलक उद्योग।

अनुसूची-२
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## सूचनाको ढाँचा

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन एकाइ, सिंहदरबार, काठमाडौं

### क. ब्याज अनुदान कार्यक्रम

सूचना प्रकाशन मितिः

प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमअन्तर्गत यस मन्त्रालयबाट सञ्चालन गरिने ब्याज अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक लघु, घरेलु तथा साना उद्योगले यो सूचना प्रकाशनन भएको मितिले एक्काइस दिनभित्र प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को अनुसूची-३ मा उल्लिखित ढाँचामा कार्यक्रम कार्यान्वयन एकाइमा प्रस्ताव पेस गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

यससम्बन्धी थप जानकारीको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको वेबसाइट www.moics.gov.np मा उपलब्ध रहेको प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ हेर्न सकिनेछ।

### ख. प्रविधि हस्तान्तरण कार्यक्रम

सूचना प्रकाशन मितिः

प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमअन्तर्गत यस मन्त्रालयबाट सञ्चालन गरिने प्रविधि हस्तान्तरणमा सहभागी हुन इच्छुक लघु, घरेलु तथा साना उद्योगले यो सूचना प्रकाशनन भएको मितिले एक्काइस दिनभित्र प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को अनुसूची-३ मा उल्लिखित ढाँचामा कार्यक्रम कार्यान्वयन एकाइमा प्रस्ताव पेस गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

यससम्बन्धी थप जानकारीको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको वेबसाइट www.moics.gov.np मा उपलब्ध रहेको प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ हेर्न सकिनेछ।

## अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

श्री ........................................,

**विषयः प्रस्ताव पेस गरेको सम्बन्धमा।**

तहाँ एकाइबाट मिति २०....../...../..... गते प्रकाशित सूचनाअनुसार प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रममा श्री ....................... उद्योगको तर्फबाट उत्पादन/उपभोग अभिवृद्धिका लागि प्रविधि हस्तान्तरण/ ब्याज अनुदान सहयोग प्राप्त गर्न देहायबमोजिमको विवरण र कागजातसहित प्रस्ताव पेस गरेको छु:-

(१) उद्योगको विवरण

नामः

ठेगानाः

दर्ता नं

दर्ता मितिः

दर्ता गर्ने निकायः

उद्योगको स्थायी लेखा नम्बरः

उद्योगको उद्देश्यः

(२) उद्योगको प्रकृति (उत्पादन हुने वस्तुका आधारमा)

(३) उद्योगको प्रमुख उत्पादनः

(४) उद्योगको सहायक उत्पादनः

(५) उद्योगमा कुल पुँजी लगानीः

(६) उद्योगबाट सिर्जित कुल रोजगारी सङ्ख्याः .......... जना

(७) उद्योगले प्रयोग गर्ने कच्चा पदार्थसम्बन्धी विवरण

क.

ख.

ग.

घ.

(८) उद्योगले वार्षिक रूपमा प्रयोग गर्ने कच्चा पदार्थको परिमाणः___________(kg/tons)

(९) उद्योगको वार्षिक उत्पादन परिमाणः ___________(kg/tons)

(१०) उद्योगले माग गरेको सहयोगको क्षेत्रः ब्याज अनुदान/ प्रविधि हस्तान्तरण सहयोग

(११) प्रविधि हस्तान्तरण सहयोगबाट गरिने मुख्य क्रियाकलापः

(१२) प्रविधि हस्तान्तरण सहयोगको लागि अनुमानित लागतः

(१३) प्रविधि हस्तान्तरण कार्यक्रममार्फत सहयोग प्राप्त गरेको अवस्थामा,

क. बढ्ने अनुमानित उत्पादन परिमाणः

ख. बढ्ने अनुमानित रोजगारी सङ्ख्याः

(१४) ब्याज अनुदानका लागि प्रस्ताव गरेकोमा व्यावसायिक कर्जाको रकमः

(१५) कर्जा रकममा लाग्ने ब्याजको दर र वार्षिक रूपमा हुन आउने ब्याज रकम:
(१६) सहयोगका लागि प्रस्ताव गरेको वार्षिक ब्याज रकम:

**संलग्न कागजातहरू:**

(क) उद्योगको दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
(ख) उद्योगको सञ्चालक समितिबाट भएको निर्णयको प्रतिलिपि,
(ग) सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(घ) सञ्चालनमा रहेको उद्योगको हकमा अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) उद्योगको मुख्य उत्पादन वस्तु वा सहायक उत्पादन वस्तुको विवरण,
(च) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि,
(छ) व्यवसायीले प्रस्ताव गरेको कार्यको सङ्क्षिप्त प्रस्ताव र सोको ७ वर्षको व्यावसायिक कार्ययोजना (स्किम),
(ज) सम्बन्धित वित्तीय संस्थाको ऋण प्रवाह गर्ने प्रतिबद्धता पत्र (आशय पत्र) वा ऋण लिइसकेको भए ऋण लिएको कागजात अर्थात् तमसुकको प्रमाणित प्रतिलिपि,
(झ) सम्बन्धित स्थानीय तहको सिफारिस,
(ञ) सूचनामा माग गरेका अन्य आवश्यक कागजातहरू।

व्यावसायिक कार्ययोजनामा उल्लेख हुनुपर्ने विषयहरू देहायबमोजिम रहेका छन्।

१. उत्पादनमा हुने वृद्धिको प्रतिशत;
२. रोजगारीमा हुने वृद्धि;
३. उद्योगले प्रयोग गर्ने स्वदेशी कच्चा पदार्थको प्रतिशत;
४. उद्योगले ओगट्ने बजार हिस्सा र क्षेत्र (निर्यातसमेत गर्ने);
५. प्रविधि हस्तान्तरणको हकमा उद्योगले गर्ने लागत साझेदारी रकम र प्रतिशत;
६. नवप्रवर्तन र सिर्जनशीलता (नवीन प्रविधि र उत्पादन) सम्बन्धी;
७. व्यावसायिक निरन्तरता (सञ्चालन अवधि);
८. औद्योगिक बौद्धिक सम्पत्ति दर्ता (पेटेन्ट, डिजाइन, ट्रेडमार्क) र ब्राण्डिङ, प्याकेजिङ, लेबलिङ गरे नगरेको;
९. उद्योग सञ्चालन हुने अवधि (वर्षको कति महिना);
१०. महिलाबाट मात्र सञ्चालित भएको भए सो कुरा;
११. वातावरणीय प्रभाव (प्रदूषण गर्ने/नगर्ने);
१२. उत्पादन स्थल (औद्योगिक ग्राम/आफ्नै स्वामित्वको वा भाडामा)।

निवेदक
नाम ____________________
उद्योगको छाप
सही/दस्तखत ______________
मिति ____________________

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सिंहदरबार, काठ

## अनुसूची-४

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

### मूल्याङ्कनको आधार (अङ्कभार)

| क्र.सं. | सूचक | मूल्याङ्कनको आधार | अङ्क भार |
|---|---|---|---|
| १. | स्वीकृत उत्पादन क्षमताको आधारमा गत वर्षको उत्पादनको अवस्था | • ५० प्रतिशतभन्दा बढी क्षमतामा सञ्चालनमा भए - **२० अङ्क**<br>• २५ प्रतिशतभन्दा बढी ५० प्रतिशतसम्म क्षमतामा सञ्चालनमा भए -१५ अङ्क<br>• १० प्रतिशतभन्दा बढी २५ प्रतिशतसम्म क्षमतामा सञ्चालनमा भए -१० अङ्क<br>• १० वा सोभन्दा कम प्रतिशत क्षमतामा सञ्चालनमा भए - ५ अङ्क | २० |
| २. | उद्योगले उपलब्ध गराएको रोजगारी सङ्ख्या | • ३० जनाभन्दा बढी भए -१५ अङ्क,<br>(तर लघु घरेलु उद्योगको हकमा १० जना भन्दा बढी)<br>• १५ जनाभन्दा बढी ३० जनासम्म भए - १० अङ्क<br>• ५ जनाभन्दा बढी १५ जनासम्म भए - ७ अङ्क<br>(तर, लघु घरेलु उद्योगको हकमा ५ देखि १० जना सम्म १० अङ्क)<br>• ५ जना वा सो भन्दा कम भए - ५ अङ्क | १५ |
| ३. | उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको प्रतिशत | • सत्तरी प्रतिशतभन्दा बढी स्वदेशी कच्चा पदार्थ भए - १० अङ्क<br>• पचास प्रतिशतभन्दा बढी सत्तरी प्रतिशतसम्म स्वदेशी कच्चा पदार्थ भए - ७ अङ्क<br>• पच्चिस प्रतिशतभन्दा बढी पचास प्रतिशतसम्म स्वदेशी कच्चा पदार्थ भए - ५ अङ्क<br>• पच्चिस प्रतिशतभन्दा कम स्वदेशी कच्चा पदार्थ भए - ३ अङ्क | १० |
| ४. | उद्योगले गर्ने वार्षिक उत्पादनको मूल्य | • १ करोड रुपियाँभन्दा बढीको भए -१० अङ्क<br>(तर, लघु घरेलु उद्योगको हकमा २० लाख भन्दा बढी)<br>• २० लाख देखि १ करोड रुपियाँसम्मको भए -७ अङ्क | १० |

| क.सं. | सूचक | मूल्याङ्कनको आधार | अङ्क भार |
|---|---|---|---|
| | | (तर, लघु घरेलु उद्योगको हकमा १० लाख देखि २० लाख सम्म)<br>• २० लाख रुपियाँभन्दा कमको भए -५ अङ्क (तर, लघु घरेलु उद्योगको हकमा १० लाख भन्दा कम) | |
| ५. | व्यावसायिक निरन्तरता | • ७ वर्षभन्दा बढी अवधि देखि सञ्चालितसञ्चालित भए -१० अङ्क<br>• ५ वर्षभन्दा बढी ७ वर्षसम्मको अवधि देखि सञ्चालितसञ्चालित भए - ७ अङ्क<br>• २ वर्षभन्दा बढी ५ वर्षसम्मको अवधि देखि सञ्चालितसञ्चालित भए - ५ अङ्क | १० |
| ६. | औद्योगिक सम्पत्तिको प्रयोग | • औद्योगिक सम्पत्ति दर्ता (पेटेन्ट वा डिजाइन वा ट्रेडमार्क) भएको - ५ अङ्क<br>• प्याकेजिङ, लेबलिङ मात्र भएको भए - ३ अङ्क | ५ |
| ७. | उद्योग सञ्चालन अवधि (अघिल्लो आर्थिक वर्षमा) | • ६ महिनाभन्दा बढी अवधि सञ्चालन भएको भए - १० अङ्क<br>• ३ महिनादेखि ६ महिनासम्म सञ्चालन भएको भए - ७ अङ्क<br>• ३ महिना भन्दा कम अवधि सञ्चालन भएको भए - ५ अङ्क | १० |
| ८. | महिलाबाट सञ्चालितसञ्चालित उद्योग | • महिलाबाट मात्र सञ्चालितसञ्चालित भए - १० अङ्क<br>• कम्तिमा ५० प्रतिशत महिला भए - ५ अङ्क | १० |
| ९. | वातावरणीय प्रभाव न्यूनीकरणको लागि उपकरणको प्रयोग वा उपाय अपनाएको | • वातावरणीय प्रभाव न्यूनीकरणको लागि उपकरणको प्रयोग वा उपाय अपनाएको भए - ५ अङ्क<br>• वातावरणीय प्रभाव न्यूनीकरणका अन्य उपाय अपनाएको -३ अङ्क | ५ |
| १०. | उत्पादन स्थल | • औद्योगिक ग्राममा रहेको कारखाना भए - ५ अङ्क<br>• अन्यमा रहेको भए - ३ अङ्क | ५ |
| | **जम्मा** | | १०० |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

## अनुसूची -५

(दफा ९ को उपदफा (५) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कार्यक्रम कार्यान्वयन एकाइको मिति ............................ को निर्णयबमोजिम ब्याज अनुदान कार्यक्रमका लागि...................(उद्योगको नाम) छनौट भएको हुँदा कार्यक्रम कार्यान्वयन एकाइ र उद्योगका सञ्चालक श्री ......................... बिच ........... (कार्यक्रमको नाम) रु............................ ब्याज अनुदान सहयोगमा तपसिलका सर्त पालना गर्ने गरी कार्यक्रम सञ्चालनका लागि दुवै पक्षको सहमति भइ नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कार्यक्रम कार्यान्वयन एकाइ (यसपछि प्रथम पक्ष भनिने) र ................ उद्योग (यसपछि दोस्रो पक्ष भनिने) का बिच यो सम्झौतामा हस्ताक्षर गरी लियौँ/दियौँ।

१. सर्त तथा व्यवस्था:

क) कार्यक्रमको कुल लागत रु. .................................................................

ख) उपलब्ध गराइएको अनुदान रकम स्वीकृत कार्यक्रमबाहेक अन्यत्र खर्च गर्न पाइने छैन।

ग) आर्थिक वर्षको अन्तसम्ममा सम्झौताबमोजिमको रकम खर्च हुन नसकेमा रकम फ्रिज हुनेछ।

२. सम्झौताको समयावधि: यो सम्झौता मिति ..................................... बाट लागु भइ...............सम्म बहाल रहनेछ।

३. दोस्रो पक्षको जिम्मेवारी:

क) कार्यक्रम सञ्चालन गर्दा प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ र स्वीकृत प्रस्तावबमोजिम गर्नु पर्नेछ।

ख)कार्यक्रमको प्रगति तोकिएको अवधिभित्र प्रथम पक्ष वा तोकिएको निकायमा पेस गर्नु पर्नेछ।

ग) कुनै निकायबाट कार्यक्रमको अनुगमन हुँदा पूर्ण रूपमा सहयोग गर्नु पर्नेछ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| कार्यालयः | उद्योग/संस्थाको नामः |

**रोहबर**

नामः

पदः

दस्तखतः

कार्यालयः

## अनुसूची -६
## (दफा ९ को उपदफा (७) सँग सम्बन्धित)
## सम्झौताको ढाँचा

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कार्यक्रम कार्यान्वयन एकाइको मिति ........................... को निर्णयबमोजिम प्रविधि हस्तान्तरण कार्यक्रमका लागि..................(उद्योगको नाम) छनौट भएको हुँदा कार्यक्रम कार्यान्वयन एकाइको तर्फबाट .............. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत श्री................. र उद्योगका सञ्चालक श्री ........................ बिच ........... (कार्यक्रमको नाम) रु........................... प्रविधि हस्तान्तरणमा तपसिलका सर्त पालना गर्नेगरी कार्यक्रम सञ्चालनका लागि दुवै पक्षको सहमति भइ नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कार्यक्रम कार्यान्वयन एकाइ (यसपछि प्रथम पक्ष भनिने) र ............... उद्योग (यसपछि दोस्रो पक्ष भनिने) का बिच यो सम्झौतामा हस्ताक्षर गरी लियौं/दियौं।

१. सर्त तथा व्यवस्था:

क) कार्यक्रमको कुल लागत रु. ...............................................................

ख) गाउँ/नगरपालिकामार्फत उपलब्ध गराइने प्रविधि हस्तान्तरणको लागत रु............

ग) कार्यक्रम सञ्चालनका लागि लागत सहभागिता गर्ने भए रकम रु..........................

घ) उपलब्ध गराइएको प्रविधि हस्तान्तरण स्वीकृत प्रस्तावबाहेक अन्य काममा प्रयोग गर्न पाइने छैन।

ङ) आर्थिक वर्षको अन्तसम्ममा सम्झौता प्रविधि हस्तान्तरण हुन नसकेमा सो बापतबापतको रकम फ्रिज हुनेछ।

२. सम्झौताको समयावधि: यो सम्झौता मिति .................................... बाट लागु भइ..............सम्म बहाल रहनेछ।

३. दोस्रो पक्षको जिम्मेवारी:

क) कार्यक्रम सञ्चालन गर्दा प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ र स्वीकृत प्रस्तावबमोजिम गर्नु पर्नेछ।

ख)कार्यक्रमको प्रगति तोकिएको अवधिभित्र प्रथम पक्ष वा तोकिएको निकायमा पेस गर्नु पर्नेछ।

ग) कुनै निकायबाट कार्यक्रमको अनुगमन हुँदा पूर्ण रूपमा सहयोग गर्नु पर्नेछ।

सम्झौता गर्ने पक्षहरू

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| कार्यालय: | उद्योग/संस्थाको नाम: |

**रोहबर**

नाम:

पद:

दस्तखत:

कार्यालय:

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -७

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

### कार्यक्रम कार्यान्वयन एकाइमा रहने कर्मचारीहरू

१. उपसचिव, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प. द्वितीय श्रेणी - १

२. शाखा अधिकृत, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प. तृतीय श्रेणी-२

३. कम्प्युटर अपरेटर, नेपाल विविध सेवा, रा.प. अनङ्कित प्रथम श्रेणी – १

४. नायब सुब्बा, नेपाल प्रशासन सेवा, रा.प. अनङ्कित प्रथम श्रेणी – १

५. कार्यालय सहयोगी - १

६. हलुका सवारी चालक - १